आज मिति २०८२।०७।२५ गते मंगलबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८२।८३ को चौथो बैठकमा निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | श्री ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | श्री अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | श्री रमेश कुमार श्रेष्ठ | प्रबक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | श्री टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | श्री याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | श्री पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | श्री अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | श्री गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | श्री कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | श्री उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | श्री चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | श्री मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | श्री कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | श्री किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | श्री मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | श्री सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | श्री सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | श्री बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | श्री मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | श्री निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

CamScanner

**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

# आर्थिक वर्ष २०८२।८३ को चौथो कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८२।०७।२५ गते)*

**प्रस्तावहरु:**

१. नवप्रवर्तन साझेदारी परियोजना सम्बन्धमा।
२. असाधारण बिदा निवेदन सम्बन्धमा।
३. ढुङ्गा गिट्टी बालुवा ठेक्का व्यवस्थापन सम्बन्धमा।
४. तीन पाङ्ग्रे सवारी दर्ता सम्बन्धमा।
५. SEVIMS सञ्चालन सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा।
६. विविध सम्बन्धमा।

**निर्णयहरु:**

१. गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराले आव्हान गरेको नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनको लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी मिति २०८२/०६/२६ को सूचनाका सम्बन्धमा देहायबमोजिम गर्ने।

क) बेनी नगरपालिकाको तर्फबाट यस नगरपालिकाको वडा नं. २ को खबरा र आसपासको क्षेत्रमा रहेको केरा पकेट क्षेत्रलाई लक्षित गरी केराको खम्बाबाट रेशा निकाल्ने, रेशाबाट धागो निकाली हस्तकलाका सामाग्री तयार गर्ने तथा बाँकी रहेको वस्तुबाट गड्यौले मल उत्पादन गर्ने गरी हरित उद्यम स्थापना तथा सञ्चालन गर्न बहुवर्षीय परियोजनाको रुपमा प्रस्ताव गरी अवधारणा पत्र पेश गर्ने।

ख) उक्त परियोजनाको जम्मा लागत रु. ५४ लाख कायम गर्ने र सोको तीस प्रतिशतले हुन आउने रकम रु. १६ लाख २० हजार मात्र यस नगरपालिकाले साझेदारी गर्ने गरी स्रोत सुनिश्चित गर्ने। साथै चालु आर्थिक वर्षको लागि संघ, प्रदेश साझेदारी कार्यक्रम शिर्षकको बजेटलाई समेत यही कार्यक्रममा उपयोग गर्ने।

ग) परियोजनाको बजेटलाई नवप्रर्वतन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ ले तोकेका क्षेत्रमा मात्र खर्च गर्ने प्रतिवद्धता व्यक्त गर्ने।

घ) परियोजना कार्यान्वयनमा सहजीकरण गर्न योजना शाखा प्रमुखको संयोजकत्वमा कृषि शाखा प्रमुख र उद्यम विकास सहजकर्ता रहने गरी तीन सदस्यीय कार्यान्वयन सहजीकरण समिति गठन गर्ने।

ङ) परियोजनाको फोकल पर्सनको रुपमा योजना शाखा प्रमुखको रुपमा कार्यरत प्रशासकीय अधिकृत श्री अर्जुन प्रसाद सुवेदीलाई तोक्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

२. बेनी नगर कार्यपालिकाको कार्यालयमा इन्जिनियर पद (अधिकृतस्तर सातौँ तह) मा कार्यरत कर्मचारी सुदिप गौतमले मिति २०८२।०५।२५ गते यस कार्यालयमा पेस गरेको निवेदन अनुसार निजको परिवारजनको स्वास्थ्य समस्या लगायतको कारण निजले २०८२ कार्तिक १४ गते देखि लागू हुने गरी एक वर्षको असाधारण बिदा माग गरेको तथा निजको सेवा अवधी पाँच वर्ष पुरा भएकोले गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११२ तथा १२० बमोजिम उक्त मिति देखि कायम हुने गरी एक वर्षको असाधारण बिदा स्वीकृत गर्ने। साथै, सो अवधिको लागि नगरपालिकामा इन्जिनियर पदपूर्तिको लागि आवश्यक पहल गर्ने।

३. बेनी नगरपालिका क्षेत्र भएर बग्ने कालीगण्डकी नदी तथा म्याग्दी नदीमा रहेका तपसिलका बगरहरुको ढुङ्गा, गिट्टी तथा वालुवा बिक्रीका लागि ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा देहाय बमोजिम गर्ने।

(१) वातावरणीय अध्ययन सम्पन्न भएका देहायका बगरहरुको परिमाण यकीन गरी ठेक्का आव्हान गर्ने।

क) गलेश्वर मजुवा बगर, बे.न.पा ९ म्याग्दी
ख) ठूलो बगर, बे.न.पा ६ म्याग्दी
ग) आनन्द बगर, बे.न.पा १ म्याग्दी
घ) सारेमारे बगर, बे.न.पा १ म्याग्दी
ङ) अग्नीखेत बगर, बे.न.पा ७ म्याग्दी
च) डम्बरा बगर, बे.न.पा. ६.
छ) जोगीगाडे बगर, बे.न.पा ६
ज) माथिल्लो जोगिगाडे बगर, बे.न.पा. ६
झ) चुत्रेनी बगर, बे.न.पा ६
ञ) सजेनी बगर, बे.न.पा ५
ट) सिङ्गा बगर, बे.न.पा ४

(२) यस आर्थिक वर्षमा वातावरणीय अध्ययन गर्नुपर्ने देहायका बगरहरुको वातावरणीय अध्ययन प्रक्रिया अगाडी बढाउने, (गत आ.व.को ठेक्का आव्हान सूचना हेर्ने।)

क) दुधेखोला कोप्रे बगर, बे.न.पा, २ म्याग्दी
ख) बगुवा खोला बगर, बे.न.पा, ५ म्याग्दी
ग) घुमाउने ताल बगर, बे.न.पा., २ म्याग्दी
घ) तल्लो सारेमारे बगर र मझुवा, बे.न.पा, १
ङ) काली गण्डकी र म्याग्दी नदीका अन्य उपयुक्त बगरहरु

(३) नदिजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिको निर्णय र प्राविधिक प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा म्याग्दी खोलाको बगुवाखोला क्षेत्रमा अवैध रुपमा उत्खनन गरी राखिएको ८२६.५० घ. मि. बालुवा जफत गरी बिक्री गर्नका लागि ठेक्का आव्हान गर्ने।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

४. "बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बमोजिमको रुट इजाजत तथा भाडादर निर्धारण समितिको मिति २०८२।०७।१७ गतेको बैठकले सिफारिस गरेका देहायका निर्णयहरु सदर गर्ने।

(१) बेनी नगरपालिकाको मिति २०८२।०६।२८ गतेको टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा दर्ता सम्बन्धी सूचना अनुसार आवेदन पेश गरेका मध्ये तपसिलका इच्छुक आवेदकहरुलाई "बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बमोजिम इजाजत दिइएको रुटमा तीन पाङ्ग्रे सवारी साधन सञ्चालन गर्ने गरी दर्ताका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

**तपसिल:**

| क्र.सं. | नाम, थर | ठेगाना | नागरिकता प्र. नं. |
|---|---|---|---|
| १ | डेकबहादुर छन्त्याल | बेनी नगरपालिका-२, म्याग्दी | ४९१००२/६४६६ |
| २ | सोम बहादुर रिजाल क्षेत्री | बेनी नगरपालिका-२, म्याग्दी | ४९-०१-७३-०२००९ |
| ३ | रोहित बानियाँ | बेनी नगरपालिका-५, म्याग्दी | ४९-०१-८०-०२०६७ |
| ४ | प्रमेश बानियाँ | बेनी नगरपालिका-५, म्याग्दी | ४९-०१-७५-००१५२ |

(२) "बेनी नगरपालिकाभित्र टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बमोजिम बेनी नगरपालिकामा देहायका क्षेत्रमा तीन पाङ्ग्रे सवारी सञ्चालनका लागि रुट इजाजत थप गर्नुका साथै निम्नानुसारको भाडा दर निर्धारण गर्ने गरी निर्णय गर्न बेनी नगर कार्यपालिका बैठकमा सिफारिस गर्ने।

**क) थप गरिएको रुट:**

| क्र.सं. | थप गरिएको रुट | भाडा दर (प्रति व्यक्ति) | कैफियत |
|---|---|---|---|
| १ | बेनी – भकुण्डे | रु २५० (दुई सय पचास रुपैयाँ) | |
| २ | बेनी – दुधेखोला | रु ७५ (पचहत्तर रुपैयाँ) | |
| ३ | बेनी – तातोपानी | रु १०० (एक सय रुपैयाँ) | |
| ४ | बेनी – बासबोट | रु ७५ (पचहत्तर रुपैयाँ) | |
| ५ | बेनी – पुलाचौर | रु १७५ (एक सय पचहत्तर रुपैयाँ) | |
| ६ | बेनी – तोरीपानी | रु २०० (दुई सय रुपैयाँ) | |

**ख) भाडा संशोधन:**

| क्र.सं. | रुट | संशोधित भाडा दर (प्रति व्यक्ति) | कैफियत |
|---|---|---|---|
| १ | बेनी – अर्थुङ्गे | रु ६० (साठी रुपैयाँ) | |

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

५. यस बेनी नगरपालिकाले तयार गरेको आर्थिक सामाजिक सङ्कटासन्नता सूचना व्यवस्थापन प्रणाली (SEVIMS) लाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यविधि आवश्यक परेकोले सो कार्यविधिको मस्यौदा निर्माण गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गरी जिम्मेवारी दिने ।

क) अर्जुन प्रसाद सुवेदी, प्रशासकीय अधिकृत - संयोजक

ख) खिम बहादुर क्षेत्री, सूचना प्रविधि अधिकृत - सदस्य

ग) याम बहादुर थापा, प्रशासन सहायक अधिकृत - सदस्य

६. बेनी नगर शिक्षा समितिको मिति २०८२।०७।२३ गतेको बैठकको निर्णयानुसार माउन्ट एभरेस्ट आवासिय मा.वि., बेनी न.पा.-७ ले व्यवस्थापन संकाय अन्तर्गत होटल म्यानेजमेन्ट विषय थपका लागि अनुमती माग भएको तथा अनुमती थपका लागि उपयुक्त देखिएकोले कक्षा ११ मा Hotel Management विषय थपको अनुमतीका लागि नगर कार्यपालिकामा सिफारिस भई आएकोले सो विषय थपका लागि अनुमती दिने ।

७. बेनी नगर कार्यपालिकाको कार्यालयको सामी कार्यक्रम अन्तर्गतको सेवा प्रवाह जिल्ला प्रशासन कार्यालय, म्याग्दीले उपलब्ध गराएको कोठाबाट हुँदै आएकोमा उक्त कोठाको बाहिरपट्टि छाना हाल्दा सेवाग्राही व्यवस्थापन गर्न सहज हुने भएकोले उपयुक्त शिर्षकबाट भुक्तानी हुने गरी प्राविधिकबाट लागत अनुमान तयार गरी निर्माण कार्य अगाडी बढाउने ।

८. बेनी नगरपालिका, वडा नं. ४, तातोपानीमा लेते खोलामा आएको बाढीका कारण प्रेम बहादुर श्रीसको श्रीस कटेज पूर्ण रुपमा क्षति भएकोले निज प्रेम बहादुर श्रीसलाई रु ७५,०००।- (वडाबाट सिफारिस गरिएको रकम सहित) सहयोग उपलब्ध गराउने ।

९. धौलागिरी माध्यमिक विद्यालय, बेनी न.पा.-४, सिंगा र जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीको ५०/५० प्रतिशत साझेदारीमा रु. १०,००,०००।- को धौलागिरी मा.वि.को भवन मर्मत आयोजना अगाडि बढाउनका लागि जिल्ला समन्वय समितिको कार्यालयलाई अनुरोध गर्ने ।

१०. जमुनाखर्क माध्यामिक विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि प्राप्त नमुना विद्यालयतर्फको भएको रु. १ करोड बजेटमा थप रु. २५ लाख थप गरी लागत अनुमान तयार गरी योजना कार्यान्वयन प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिंदै सो रकमको स्रोत सुनिश्चितता गर्ने ।

११. खुलामञ्च स्तरोन्नतीका लागि चालु आर्थिक वर्षका लागि विनियोजित बजेटमा रु. १५ लाख थप गरी लागत अनुमान तयार गरी ठेक्का प्रक्रिया अगाडी बढाउन सो रकमको स्रोत सुनिश्चितता गर्ने ।

१२. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न भई महालेखापरीक्षकबाट प्राप्त भएको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो । सो प्रतिवेदनमा महालेखापरीक्षकबाट औल्याइएका बेरुजुका सम्बन्धमा आवश्यकता अनुसार प्रतिक्रिया पेश गर्न तथा प्रतिक्रिया पेश गर्ने समायावधी थप्नको लागि लेखापरीक्षणमा खटिएको डोर समक्ष अनुरोध गर्न कार्यालयलाई निर्देशन दिने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

१३. महालेखा परीक्षकबाट प्राप्त लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको दफा ५०.२ मा स्वीकृत दरबन्दी भन्दा बढी रकम संघीय स्रोतबाट रु. ५,४०,०००।- खर्च लेखेकोमा सो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नपर्ने भनी बेरुजु औल्याएकोले सो बेरुजुलाई स्थानीय सञ्चित कोषबाट संघीय संचित कोषमा दाखिला गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने।

१४. बेनी नगरपालिका वडा नं. ४ स्थित सिंगा तातोपानीमा प्राकृतिक चिकित्सालय स्थापना तथा सञ्चालन अनुमति माग गरी पेश भएको निवेदनका सम्बन्धमा कानूनी, प्राविधिक, आर्थिक लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन गर्न बेनी नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७५ (संशोधन सहित) को अनुसूची-१ बमोजिम गठिन अनुगमन समितिलाई निर्देशन दिने।

१५. बैठकमा छलफल भएको **बेनी नगरपालिकाको कृषक समूह दर्ता कार्यविधि, २०८२ स्वीकृत गर्ने** ।

१६. बेनी नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा ८ मा कृषकहरुले कृषिजन्य उत्पादन चिस्यान केन्द्रमा राखेबापत प्रति महिना प्रति के.जी. रु. ३ का दरले सञ्चालकले सेवा शुल्क असूल गर्न सक्ने व्यवस्था कायम हुने गरी कार्यविधि संशोधन गर्ने।

१७. खुला ठाउँमा पशु वध गर्न नपाउने नीति कार्यान्वयन गर्न बेनी नगरपालिकाले मर्मतसम्पन्न गरी तयार गरेको पशुवधशाला व्यवस्थित रुपमा सञ्चालन गर्ने सम्बन्धमा छलफल भयो। वधशाला प्रयोग गर्न इच्छुक रहेका देहायबमोजिमका व्यक्तिहरुसँग देहायबमोजिम भाडा असूल गर्ने गरी २०८३ असार मसान्तसम्मका लागि सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने।

क) श्री नारायण दर्जी रु. ८५००।- मासिक

ख) श्री सुरेश दर्जी रु. ८५००।- मासिक

ग) श्री लाम मोहम्मद फकिर रु. ८५००।- मासिक

१८. कालीपूल प्रहरी चेकपोष्ट नजिक लामो समयदेखि भाडामा लाग्न नसकेका कोठा भाडामा लिन इच्छुक व्यक्तिहरुले निवेदन पेश गरेको सम्बन्धमा छलफल भयो । भाडामा लिन इच्छुक देहायका व्यक्तिहरुसँग देहायबमोजिमको भाडा असूल गर्ने गरी २०८३ असार मसान्तसम्मका लागि सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने।

क) श्री राजु पुन रु. १०,०००।– मासिक

ख) श्री प्रेम गिरी रु. १०,०००।- मासिक

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३